# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं श्रावण २७ गते २०१५ साल

### अर्थ मालपोत मन्त्रालय

म. माल सवाल दफा १०६ मा सवालबमोजिम बाँध पैनको बन्दोबस्त गरी दिंदा पनि तप्पा प्रगन्नामा खण्डे बृष्टि भएबाट समेत सुखा जर्ती पर्‍यो भन्ने जिमिदारी सवालबमोजिम रवीले तिनु पर्ने पोत जम्मा यति वा यति आना जर्ती पर्‍यो भनी फरक नपर्ने गरी दुरुस्त रैतान किताप र कागज तयार गरी जिमिदार पटवारी गोरायत गुमस्ता जग्गा कमाउने रैती सधीयार समेतको सहीछाप गराई सरकारबाट जांच्न जानेले खडावाली देख्न पाउने गरी जिमिदार पटवारीहरूले रिपोर्ट दिएको बुझी ली आफूले पनि जाची वितीवार कागज आफू संग राखी तप्पा प्रगन्ना भएको गोश्वारा तोरज कागजबनाई मालको हाकिमको समेत सहिछाप गरी र ऐन सवालमा यस्तो लेखिएको छ साबिकमा यो रीत चलेको छ भन्ने समेत खोली रिपोर्ट लेखी जाहेर गरी जवाफ बक्सेबमोजिम गर्नु भनी लेखिएको छ ।

यो माल जिल्लामा खण्डेवृष्टि भै सुखा जर्ती परेको जाँची जाहेर गर्ने गरी म. स. गो वाट २०६७ को फोन वीरगञ्ज गोश्वाराको जाहेरी उमाकान्तको



423

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जाहेरी समेत पर्न आएको हुंदा ठेकामा कबुलियत बन्दोबस्त चलिरहेको बाहेक जिमिदारी पटवारीहरूसंग सवाल बिधि पुऱ्याई मार्ग मसान्तसम्ममा माल मालमा फाराम दाखिल गर्ने गराउने र फाराम दाखिल भएपछि माल गोस्वाराहरूले पनि खडोबाली ठर्दै ऐन सवालको रीतपुऱ्याई जाहेर गर्ने र म्याद टायममा फाराम नदिनेलाई मिन्हा नहुने भए जिमिदारी पटवारी जवाफदेही हुनुपर्ने छ भन्ने समेत ०१५।७।१५ मा आदेश भैसकेको थियो।

माथि लेखिएबमोजिमको सवाल र आदेशबमोजिम जर्ती जांच भै आएको र जांच हुंदा ऐन सवालको रीत नपुगेको र तर माल गोस्वाराबाट मिन्हा हुनुपर्ने भनी सिफारिश भै आएको २०१५ साल आषाढ ४ गतेका दिन बीरगञ्ज, महोत्तरी, सर्लाही, सप्तरी, बिराटनगरबाट किसान प्रतिनिधि मण्डल माननीय अध्यक्षज्यूसंग यही जर्ती मिन्हा बिषयमा छलफल गर्न आउनु भयो जिमिदारी पटवारीहरूले समयमा जर्तीफांट दाखिल नगरेको म्याद भित्र दाखिल गरेकोमा पनि माल गोस्वाराले जाँची नदिएको तर गत सालमा सुखा परेभै ८।१० वर्ष यता नपरेको हुनाले जर्ती जांच भै आएको कलममा जति आना जर्ती गएको छ जम्मै मिन्हा हुनुपर्ने र जर्ती जांच भै आउन नसकेकोमा गोस्वारा मिन्हा हुनु पर्ने भन्ने उहाँहरूको मुख्य माग छ।

०१२ सालको बालीमा जर्ती परी मिन्हा दिदा तल लेखिएबमोजिमको आदेश गएको थियो।

०१२ सालको बालीमा महोत्तरी, सर्लाही, सिन्हा, हनुमाननगर, मोरङ्ग, बिराटनगर, जिल्लामा जर्ती जाच गर्न लेखिगएकोमा मोरङ बिराटनगरबाट आजसम्म जाहेरी नगरेको यो जर्ती विषयमा रैतानी पोत बुझाउने वैशाख मसान्त सम्मको म्याद भुक्तान भै जिम्मावालले पोत बुझाउने टायम पनि आउन लागिसकेको चाँडो निकासा पठाउनु पर्ने हुनाले पोहोर साल सरह हुन्डा मन खमा ठेक्का लागेको र मिल जग्गाको र अमानत बाहेक खतम सलामी दाखिल गरी शेष कसर खान पाउने सनदबमोजिमखाइ आएको गुठीको र खडावाली जचाउन नसकेको जग्गाकोसमेत जर्ती मिन्हा नपाउने बाहेक यो जाँचमा ॥ सम्म जर्ती परेको भनी लेखेको र जाँच नगराए नभएकोलाई मिन्हा हुनसक्तैन ॥ आनादेखि माथि ।॥ आनासम्म जर्ती परेकोलाई । आना र ।॥ आनादेखि माथि ।॥= पुनिलाई ।= का दल ।॥≡ र त्यसभन्दा बढी जर्तीलाई ॥= आनाका दर्ले पोत मिन्हा दिनै गरी सो मिन्हालाई अङ्क यकिन गरी खोली जाहेर गर्नु जर्ती गएको बिषयमा यस मिति

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्मण रैतीले जिमिदारमार्फत र जिमिदारमार्फत् जिमिदारले यस मिति सम्मफाट दरखास्त दाखिलगर्नु भन्ने सवालमा किटिएको नदेखिएकोले सब जिल्ला बुझी ठहराई जाहेर गर्नु भनी लेखिएको थियो।

यो ०१४ सालमा सो बमोजिम जर्ता जाँच भै आएकोमा सरकारबाट निम्न देखिए बमोजिम निर्णय भै आएकोले सर्वसाधारणको जानकारीका निमित्त सो सूचना प्रकाश गरिएको छ।

१. ऐन सवालको रीतपुऱ्याई जर्ता जाँच भै आएको कलममा मनखव हुण्डा ठेक्कामा लागेको मित जग्गाको घर जग्गाबाट बगैंचाको पर्ता पोत र अमानतको बाहेक खलमी सलामी दाखिल गरी शेष कसर खान पाउने सनद भै रहआएको गुठीकोसमेत जर्ता मिन्हा नपाउने बाँकीमा आठ आना र सोमन्दा माथि बाह्रानासम्मको जर्ता परेको लाई चारआनाका दरले बाह्रानाभन्दामाथि चौधआनासम्म जर्ता गएकोलाई ६ आनाका दल ।।।= देखि माथि सोह्र आनासम्म जर्ता गएकोलाई दस आनाकादरले पोत मिन्हा दिने गरी सो मिन्हालाई अंक यकिन खोली जाहेर गर्नु।

२०१४ सालमा नेपालका विभिन्न जिल्लाहरूमा सुखा जर्ता परेकोले माल सवाल र सरकारी विशेष आदेशबमोजिम रीत पुऱ्याई जर्ता जाँच भै आएका जग्गा बाहेक अरू कैयन् कित्ता जग्गामा पनि सुखा जर्ता गएको बुझिएकोले यस्ता जग्गा कमाउने रैतीलाई केहीनकेही मात्रामा जर्ता मिन्हा नदिएमा सारै मर्का पर्ने देखिएको तर यत्तिकैबाट यति मिन्हा दिने भनी यकिन गर्न नमिल्ने तथा ऐन सवालमा पनि नमिल्ने देखिएकोले शिवराज, खजहनी, बारा पर्सा, रौतहट, सर्लाही, महोत्तरी गुठी, माल, मेनेजरी, मटिहानी अस्थान, सिन्हा, हनुमाननगर, बिराटनगरका इलाकाहरूमा बाँकी रहेको जग्गामा मिन्हा निकासा गर्नालाई खडाबाला नभए पनि सर्जमीन जांचबुझ गरी जर्ता गएको यकिन गर्न बक्स लेखिएबमोजिम ५टा कमिशन गठन भएको छ।

(क) शिवराज, खजहनी, बारा, पर्सा र रौतहट माल इलाकालाई १ महोत्तरी माल गुठी सर्लाही हनुमाननगर सिन्हा र बिराटनगर माल इलाकालाई गरी २ कमिशन पठाउने। बिराटनगर, हनुमाननगर, सिन्हा, सर्लाही, महोत्तरीको निमित्त कमिशनको अध्यक्ष पदमा भूमिसुधारको कमिशनको सेक्रेटरी श्री भवनाथ शर्मा। शिवराज,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खजहनी, बारा पर्सा रौतहटका निमित्त हाल गृहमन्त्रालय हाजीर हुनु भएका सेक्रेटरी श्री प्रेमनरसिं प्रधान।

सदस्य-स्थानीय बडाहाकिम आफै वा बडाहाकिम (कायम मुकायम)

सदस्य-सेक्रेटरी स्थानीय मालका हाकिम,

सदस्य-कमिशनका अध्यक्ष जिल्ला बडाहाकिम र इलाका मालका हाकिमहरू भै जुन इलाका मालमा जाँच गर्नुपर्ने हो सो इलाकाका गैर सरकारी व्यक्ति १ जना मुकर गर्ने।

(ख) यस कमिशनको मुख्य काम यो हुने छन्:—

(१) म्याद भित्र जर्ता जांचको दर्खास्त परे नपरेको म्याद भित्र दर्खास्त परेकोमा जांच भो भएन जाँच नभएको भए किन नभएको कसको सुस्ती गल्तीले नभएको अब के गर्न मनासिब पर्छ बुझी ठहराई पेश गर्ने।

(२) म्यादभित्र दरखास्त नपरेको भए कसको सुस्ती गल्तीबाट दरखास्त नपरेको हो सुस्ती गल्ती गर्नेलाई के गर्न मनासिब पर्छ बुझी ठहराई पेश गर्ने।

(३) दरखास्त परेको या नपरेको दुवै कलममा जर्ता गएको भए मिन्हा नदिँदा रैतीलाई मर्का पर्ने हुँदा कच्चा या पक्का बाँध छ छैन जर्ता गएको भन्ने प्रमाण के के छ बुझी राय ठहर पेश गर्न कमिशनका सदस्यहरू आफैंले सरजमीन जाँच गर्न।

(४) जर्ता जांच विषयको प्रचलित सवाल बमोजिम काम गर्दा जिमिदारी पटवारी माल अड्डालाई के बाधा पर्छ रैतीलाई कस्तो मर्का पर्छ अब कसरी संशोधन गरेमा रैतीको मर्का हटी जिमिदारी पटवारी माल अड्डालाई कामगर्न सुविधा हुन्छ तथा सरकारी हानि नोक्सानी समेत हुँदैन तेस्तो नयाँ प्रबन्ध गर्नाका लागि अध्यक्षले सरकारमा एक सुझाव पेश गर्न अध्यक्षले माल गोस्वारा जिमिदार पटवारी रैतीका प्रतिनिधिसंग छलफल गरी एक व्यवहारिक सुझाव पेश गर्ने।

(५) कमिशनले जाचगर्ने जिल्लाहरू विराज माल, खजहनी माल, बारा माल, पर्सा माल, रौतहट माल, महोत्तरीमाल, र गुठीहरू सर्लाही माल, हनुमाननगर माल, सिन्हामाल तथा बिराटनगर मालका इलाकाहरू।

५२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) माथि लेखिएका जिल्लाहरुमा भ्रमणगरी माथि दफा दफामा लेखिए बमोजिमको सुझाव सहितको रिपोर्ट पेश गर्ने म्याद २ महीना दिने कारणवश नपुग भएमा १५ दिन अगावै अर्थ मालपोत मन्त्रालयमा म्याद थपलाई जाहेर गर्ने ।

(घ) कमिशनका अध्यक्षको मद्दतलाई मध्येश माल निकासीबाट २ जना खि.क्ल. दर्जाका कर्मचारी खटाउने । कमिशनलाई अर्दलीहरु चाहिएमा जिल्लाका बडाहाकिमले यथोचित बन्दोबस्त गरिदिने ।

(ङ) माथिगएका कर्मचारीहरूलाई विराटनगर र भैरहवासम्म हवाईमार्गबाट जान आउन पाउने गराइने ।

(च) जिल्लामा सरजमीन गर्न जादा जीप घोडा, गाडा हात्तीको आवश्यकता परेमा स्थानीय बडाहाकिमले प्रवन्ध गरिदिने र यस्तै सरकारी सवारीको प्रवन्ध हुंदा भ्रमण भत्ता नपाउने ।

३. मालपोत असुल तहसील गर्नलाई सारा जिल्लाका रैतीलाई आषाढ १५ गतेसम्म र जिमिदारलाई आषाढ मसान्तसम्मको म्याद निकासा भैगएकोमा अब माथिलेखिएको दफाबमोजिम गर्नु पर्ने हुंदा उपरोक्त १० इलाकाका रैतीलाई आश्विन १५ गतेसम्म र जिमिदारलाई आश्विन मसान्तसम्मको म्याद थपदिने ।

खडिएका कमिशनले सरजमीन जाँच कसरी गर्ने हो भन्ने तर्फ खुलाई दिनुपर्ने आवश्यकता महसूस भएको र एउटा कमिशनले ५ माल इलाकाको जाँचबुझ गर्नु पर्ने २ महीनाभित्रमा सकभर रिपोर्ट दिइसक्नु पर्ने फेरि वर्षादको टाइमले गर्दा जग्गाको कित्ता कित्ता जांचबुझ गर्न पनि सम्भव नहुंदा एक माल इलाकामा १० दिन भन्दा बढी लगाएमा २ महीनाभन्दा बढी समय लाग्न जाने स्पष्ट देखिएकोले कमिशनको गोस्वारा इलाकामा हुने पहिलो बैठकमा नै कार्यक्रम र कार्यविधि तयार गरी भै रहेको सरकारी तथा गैर सरकारी साधनद्वारा समस्त जिल्लामा प्रचार गराई सकभर जिमिदार पटुवारीको र समेत भएको रैतीहरुको आवेदनपत्र आमन्त्रण गर्ने यसरी आएका दरखास्त तथा आफ्नो कार्यक्रमअनुसार आफै गएका ठाउँमा जिमिदार पटवारी रैतीका प्रतिनिधिहरुसंगको आफूले गरेको कुरा कहानीको आधारमा कमिशनले बैठकमा छलफल गरी भेट्टाएसम्मका लिखत प्रमाणबाट यस तप्पा या प्रगन्ना या मौजामा यतिसम्म जर्ता गएको छ भनी निर्णय गरी सरकारमा पेश

४२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्न यसरी आवेदन दिंदा र तीले र आफ्नू राय दिंदा जिम्मिदार पटवारीले झूठा व्यहोरा जाहेर गरेको ठहरे ऐन सवालबमोजिम कडासे डा सजाय हुने छ भनी सूचना गर्ने यस तरीकाले अरजमीन आँचबुझ गरी कमिशनले विचार विमर्श गर्दा कुनै व्यक्ति या व्यक्ति समूहको कैफियतमा गफलत देखिन आएमा आफूसंग रहेको प्रमाण सहित सरकारमा पेश गर्ने ।

मन्त्रिपरिषद्बाट निर्णय भएबमोजिम अध्यक्ष हस्ते जनही भा. रू. २००० दुइहजार निजको भर्पाई गराई काम सकिएको ३५ दिनभित्र ठाडो वासील बाकी बुझाउने गरो खर्च लेख्नालाई अर्थ खर्च मन्त्रालयलाई आदेश गर्ने ।

यहाबाट खटिजाने अध्यक्षको निमित नियम बमोजिम मात्र दैनिक तथा भ्रमण भत्ता पाउने भएमा खर्च चलाउन मुश्किलपर्ने भन्ने उहांहरूको मौखिक जिकिर भएकोले दैनिक भत्ता रू १२ बार प्रतिदिन दिने र कमिशनमा बस्ने गैरसरकारी सदस्यका निमित्त दैनिक भत्ता यति पाउने भनी अंकित भएको नदेखिंदा प्रतिदिन रु १० दस दिने औ सो रू २००० मध्येबाट अध्यक्षको तजविजले महीना १ एक को भारू २०० दुइसयसम्म भइपरी आउने कामको निमित्त खर्च गर्न पाउने मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरी निर्णय भए बमोजिम हुनेछ ।

अध्यक्षको सुविधाको निमित्त माल अड्डाले एकजना अर्दली दिनु भन्ने र बडाहाकिमले कमिशनका सदस्यहरूको सुरक्षाको प्रबन्ध गरी दिने ।

कमिशनको बैठकमा राय बराबर हुनगएमा अध्यक्षले दोस्रो भोटको प्रयोग गरी निर्णय गर्ने ।

आज्ञाले —
नीरराज,
सचिव- अर्थ मालपोत मन्त्रालय

## अर्थमंत्रालयको सूचना

तपसीलमा लेखिएबमोजिमको कुरा सर्वसाधारणलाई ज्ञात होस भन्ना निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

तपसील

१. विराटनगर शाखाका सब-एकाउन्टेण्ट रुद्रनाथ शर्माको अनुपस्थितिमा सोही अफिसका हेड असिष्टेण्ट कर्णबहादुरले २३।६।०१४ देखि ३।२।०१५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्म र ३१।२।०१५ देखि २६।३।०१५ सम्म का. मु. सब एकाउन्टेण्ट भई कार्यभार सम्हालेको ।

२. नेपाल राष्ट्र बैंक जलेश्वर उपशाखा २०१५ साल आषाढ २२ गते खुलेकोले सोही मितिदेखि अफिसर इन्चार्ज श्री नित्यानन्द केशरी र क्याशियर वसन्तलाल राजभण्डारीले उक्त पदको कार्यभार सम्हालेको ।

आज्ञाले—
नीरराज,
सचिव-अर्थमन्त्रालय.

## अर्थमंत्रालयको सूचना

ने. रा. बैंक जलेश्वर उपशाखा यही २०१५ साल आषाढ २२ गते उद्घाटन भएकोले सबैलाई ज्ञात होस् भन्ना निमित्त यो सूचना प्रकाश गरीदिएको छ।

आज्ञाले—
नीरराज,
सचिव-अर्थमन्त्रालय.

मुद्रण विभाग, सिंहदरबार

४२५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।